# पूर्वाञ्चल विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेवसाइट : www.puexam.edu.np


प.सं. :

मिति: २०७३।०३।१९ गते

च.नं. : श्री क्याम्पस प्रमुखज्यू,
**B.Pharmacy** अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेजहरू

विषय: परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्धारा २०७३ सालमा सञ्चालन हुने **चिकित्साशास्त्र** संकाय अन्तर्गत B.Pharmacy **चौथो/छैठौ तथा आठौं सेमेष्टर (नियमित तथा आंशिक ) तर्फ** त्यस क्याम्पस/कलेजमा नियमित अध्ययन गरिरहेका विद्यार्थीहरूलाई २०७३।०३।०७ गते भित्र **परीक्षा आवेदन फारम भराई नियमानुसारको परीक्षा शुल्क एवं सम्बन्धन शुल्क यस कार्यालयको नविल बैंक लि.को CALL A/C 0706010310803 मा** जम्मा गरी सो को सक्कलै भौचर र **परीक्षा आवेदन फारम** मिति **२०७३।०३।१० भित्र काठमाण्डौ उपत्यका स्थित क्याम्पस/कलेजहरूले पू.वि. सम्पर्क कार्यालय,सिनामंगल,काठमाण्डौमा र उपत्यका भन्दा बाहिरका क्याम्पस/कलेजहरूले सम्बन्धित कलेजको प्रतिनिधि मार्फत पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा** उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । **तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएमा २०७३।०३।१४ गतेसम्म परीक्षा आवेदन फारम भराई तपसिल बमोजिमको विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा क्याम्पस/कलेज प्रतिनिधी मार्फत पठाउनु पर्नेछ ।** त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान ........यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

**तपसिल**

१. परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ।

२. **परीक्षा आवेदन फारममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । तोकिएको कागजातहरु पुरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन।**

३.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

४.परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

५.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।

६.कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू४००।- लाग्नेछ ।

***७.परीक्षा शुरु हुनु भन्दा ७ दिन अगावै सम्बन्धित कलेजले आन्तरिक मूल्याङ्कन पठाईसक्नुपर्ने छ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।***

८. **परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित | रू ११,००।०० |
| २. आंशिक १ विषय | रू ५००।०० |
| ३. आंशिक २ विषय | रू ८००।०० |
| ४. आंशिक २ भन्दा बढि विषय | रू ११,००।०० |
| ५. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रू ५००।०० |
| ६. सम्बन्धन शुल्क (प्रति विद्यार्थी प्रति वर्ष) | रू ६,०००।०० |

--------------------
परीक्षा नियन्त्रक

*नोट:कुरियर मार्फत परीक्षा फारमहरू नपठाउनु होला ।*